धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको
एनआईबिएल म्युचुअल फण्ड अन्तर्गत सञ्चालन हुने

# एनआईबिएल समृद्धि फण्ड - १ (NIBL Samriddhi Fund-I)

को

## विवरण पुस्तिका

(सामूहिक लगानी कोष नियमावली, २०६७ को दफा २४ को उपदफा ३ को वुँदा (ङ) अन्तर्गत प्रकाशित)

प्रति इकाई मूल्य रु १०/– दरको ८,००,००,००० (आठ करोड) इकाईको १,२०,००,००० (एक करोड बीस लाख) वा कुल बिक्री भएको इकाई सङ्ख्याको न्यूनतम १५ (पन्ध्र) प्रतिशत इकाई मध्ये कोष प्रवर्द्धक श्री नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडलाई न्यूनतम १३.७५ प्रतिशत वा १,१०,००,००० (एक करोड दश लाख) इकाई तथा योजना व्यवस्थापक श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडलाई १.२५ प्रतिशत वा १०,००,००० (दश लाख) इकाई सुरक्षित राखी बाँकी न्यूनतम ६,८०,००,००० (छ करोड अस्सी लाख) इकाई यस विवरण पुस्तिकाको शर्तानुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिएको ।

| | | |
|---|---|---|
| योजनाको किसिम | : | बन्दमुखी |
| योजनाको अवधि | : | ७ वर्ष |
| योजना परिपक्क हुने | : | इकाई बाँडफाँट भएको मितिले ७ वर्ष |
| योजनाको रेटिङ्ग सम्बन्धमा | : | ICRA Nepal बाट कोष प्रवर्द्धकको लागि रेटिङ्ग "[ICRANP-IR] A"Adequate degree of safety regarding timely servicing of Financial Obligations र योजना व्यवस्थापकको लागि रेटिङ्ग "[ICRANP] AMC Quality 3 (AMC3)" Adequate assurance on Management Quality प्राप्त । |
| नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत मिति | : | ................गते । |
| बोर्डमा योजना दर्ता मिति | : | ................गते । |
| इकाई बिक्री खुल्ला हुने मिति | : | ................गते । |
| इकाई बिक्री बन्द हुने मिति (छिटोमा) | : | ................गते (बैंकिंग समय पश्चात्) । |
| इकाई बिक्री बन्द हुने मिति (ढिलोमा) | : | ................गते (बौंकिगं समय पश्चात्) । |
| आवेदन दिनुपर्ने न्यूनतम इकाई सङ्ख्या | : | १०० (एक सय) |
| आवेदन दिन पाउने अधिकतम इकाई सङ्ख्या | : | ८०,००,००० (असि लाख) |
| आवेदनसाथ भुक्तानी गर्नुपर्ने रकम | : | शत्प्रतिशत |

*पुनश्च : बिक्री आव्हान गरिएको इकाईका लागि आवेदन पर्न आए पश्चात् न्यूनतम अवधि व्यतित भएपछि सूचना प्रकाशित गरी इकाई बिक्री बन्द गरिनेछ ।*

**कोष प्रवर्द्धक**

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank

नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं
फोन: ४२२८२२९ फ्याक्स नं. ४२२६३४९
इमेल : info@nibl.com.np वेवसाइट : www.nibl.com.np

**कोष सुपरिवेक्षक**

१. श्री शम्भु राम सिम्खडा - पिएचडि इन्टरनेशनल रिलेशन । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुमा २८ बर्ष भन्दा बढीको कार्यअनुभव । हाल : संस्थापक, चिरनमिलन वर्ल्डपिस क्याम्पस काठमाण्डौ, नेपाल । ठेगाना: बासबारी वडा न. ३, काठमाडौं ।
२. जितेन्द्र बहादुर राजभण्डारी - चार्टर्ड एकाउन्टेन्ट । ३६ बर्ष भन्दा बढीको व्यवसायिक अनुभव । हाल प्रमुख पार्टनर, जे.वि. राजभण्डारी एण्ड डिविन्स चार्टर्ड एकाउन्टेन्टस् । ठेगाना: १३ - सतमार्ग, सानेपा, ललितपुर ।
३. डा. दुर्गेश मान सिंह - पिएचडि अर्थशास्त्र । आर्थिक तथा राजनैतिक क्षेत्रका विज्ञ । हाल अध्यक्ष, गुञ्जमानसिहं हस्पिटल, पिढुवा, चितवन । ठेगाना: ९/५४८ यटका टोल, काठमाडौं - २६ ।
४. मधुकर शमशेर ज.ब.राणा- स्नातकोत्तर अर्थशास्त्र । अध्यापन तथा अर्थ विज्ञको रुपमा ४५ बर्ष भन्दा बढीको अनुभव । हाल प्राध्यापक, साउथ एसिएन इन्स्टीच्युट अफ म्यानेजमेन्ट । ठेगाना: ४/१३९ जावलाखेल, ललितपुर ।
५. डा. विमल प्रसाद कोइराला - पिएचडि अर्थशास्त्र । ३० बर्ष भन्दा बढीको नेपाल सरकारको बिभिन्न प्रशासकिय क्षेत्र तथा उद्योग, अर्थशास्त्र, तथा अन्तराष्ट्रिय वित्तिय एवं विकासको अनुभव । हाल स्वतन्त्र परामर्शदाता । ठेगाना: आनन्द भैरव मार्ग , ज्ञानेश्वर, काठमाडौं ।

**निस्काशन तथा बिक्री प्रबन्धकको समेत कार्य गर्ने योजना व्यवस्थापक**

NIBL CAPITAL

**एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड**
**लाजिम्पाट, काठमाण्डौं, फोन:** ४००५०८० , फ्याक्स नं. ४००५०८४
**इमेल:** info@niblcapital.com
**वेवसाइट :** www.niblcapital.com

***"योजनाको गुणस्तर वा प्रतिफलको निश्चितताको प्रत्याभूति गर्दैन र कृपया लगानी गर्नु भन्दा अगाडी विवरण पुस्तिका राम्रोसँग पढ्नु होला ।"***

## २.१. विषय सूची


| क.सं. | विवरण | पृष्ठ |
|---|---|---|
| २.२ | विवरण पुस्तिकामा प्रयोग भएका प्रविधिक तथा अन्य शब्दवालीको परिभाषा | ४ |
| २.३ | विवरण पुस्तिका तथा निवेदन प्राप्त गर्ने र निवेदन बुझाउने स्थानहरु | ४ |
| २.४ | विवरण पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानिकर्ताको दयित्व सम्बन्धमा | ४ |
| **३** | **उद्घोषण** | |
| ३.१ | नियमन निकायकको जवाफदेहिता नरहने उद्घोषण | ५ |
| ३.२ | कोष प्रबर्द्धकको उद्घोषण | ५ |
| ३.३ | योजना व्यवस्थापकको उद्घोषण | ५ |
| ३.४ | कोष सुपरिवेक्षकको उद्घोषण | ५ |
| **४** | **योजना सम्बन्धि संक्षिप्त जानकारी** | ५ |
| **५** | **कोष प्रबर्द्धकको जानकारी** | |
| ५.१ | कोष प्रबर्द्धकको नाम | ७ |
| ५.२ | योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत | ७ |
| ५.३ | कोष प्रबर्द्धक स्थापित भएको ऐन/नियमसम्वन्धी विवरण | ७ |
| ५.४ | कोष प्रबर्द्धकको संक्षिप्त इतिहास | ७ |
| ५.५ | कोष प्रबर्द्धकको प्रमुख उदेश्यहरु | ८ |
| ५.६ | कोष प्रबर्द्धकको विगत तिन वर्षको लेखापरिक्षण भएको वासलात,नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण,(सहायक कम्पनी भए समष्टिकृत रुपमा), तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ पर शेयर) र प्रति शेयर नेटवर्थसम्बन्धि विवरण | ८ |
| **६** | **योजना व्यवस्थापकसम्बन्धी विवरण** | |
| ६.१ | योजना व्यवस्थापकको परिचय | १३ |
| ६.२ | योजना व्यवस्थापकको भावी योजना तथा रणनीति | १४ |
| ६.३ | योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्वसम्बन्धी व्यवस्था | १५ |
| ६.४ | योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चूक्ता पूँजी) सम्बन्धी जानकारी | १५ |
| ६.५ | योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालकसम्बन्धी जानकारी | १५ |
| ६.६ | योजना व्यवस्थापकको कर्मचारीसम्बन्धी जानकारी | १८ |
| ६.७ | योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको भए सञ्चालन अवधिभरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणित)वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण : | २० |
| ६.८ | योजना व्यवस्थापकको लेखा नीतिसम्बन्धी व्यवस्था | २३ |
| ६.९ | योजना व्यवस्थापकको लेखा परिक्षकको नाम तथा ठेगाना | २३ |
| ६.१० | योजना व्यवस्थापकको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण तथा मुद्दा मामिला अन्तिम रुपमा फैसला भई जरिवाना बुझाएको भए सोसम्बन्धी विवरण | २३ |
| ६.११ | यो योजनाभन्दा अगाडीको योजनाको खुद सम्पत्ति मूल्य(नेट एसेट भ्यालु) सम्बन्धी विवरण | २३ |
| ६.१२ | योजना व्यवस्थापकको रेटिङ्ग गरेको भए रेटिङ्ग गर्ने कम्पनी तथा रेटिङ्ग सङ्केत | २३ |
| **७** | **कोष सुपरिवेक्षक तथा कोष सुपरिवेक्षकसँगको सम्झौतासम्बन्धी विवरण** | |
| ७.१ | कोष सुपरिवेक्षकको नाम, ठेगाना, उमेर तथा योग्यता | २३ |
| ७.२ | कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी | २४ |
| ७. ३ | योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका | २४ |
| ७.४ | कोष प्रबर्द्धक र कोष सुपरिवेक्षकबीचको सम्झौताका मुख्य मुख्य बुँदाहरु | २५ |
| **८** | **योजना सम्बन्धी जानकारी** | |
| ८.१ | योजना सम्बन्धी विवरण | २७ |
| ८.२ | योजनाको उद्देश्य | २७ |

| | | |
|---|---|---|
| ८.३ | योजनाले लगानी गर्ने क्षेत्र | २७ |
| ८.४ | योजनाको बित्तीय प्रक्षेपणसम्बन्धी विवरण | २८ |
| ८.५ | योजनाको खर्चसम्बन्धी विवरण | ३३ |
| ८.६ | योजनाको मुनाफा वितरणको लक्ष्य | ३४ |
| ८.७ | लगानी तथा लाभांशका सम्बन्धमा लागू हुने करसम्बन्धी व्यवस्था | ३४ |
| ८.८ | योजनाका इकाईहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सोको प्रक्रिया | ३४ |
| ८.९ | खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशनसम्बन्धी व्यवस्था | ३४ |
| ८.१० | योजनामा अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा | ३४ |
| **९.** | **इकाई निष्काशनसम्बन्धी विवरण** | |
| ९.१ | इकाई बिक्री खुला गरिने मिति तथा अवधि | ३८ |
| ९.२ | आवेदन सङ्कलन केन्द्र (बिक्री केन्द्र सम्बन्धी जानकारी) | ३८ |
| ९.३ | आवेदन दिनसक्ने व्यक्ति तथा संस्थाहरु | ३८ |
| ९.४ | खरिद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई सङ्ख्या | ३९ |
| ९.५ | इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरणसम्बन्धी व्यवस्था | ३९ |
| ९.६ | आवेदन दिदाँ ध्यान दिनुपर्ने कुराहरु | ३९ |
| १० | इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा | ४१ |
| ११ | गुनासो सुन्ने र समाधान गर्ने प्रकृया | ४१ |
| १२. | यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सोमा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत | ४२ |
| १३. | योजना व्यवस्थापकको प्रतिबद्धता-पत्र (ड्यु डेलिजेन्स सर्टिफिकेट) | ४३ |

## २.२ विवरण पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) सम्झनु पर्दछ ।

(ग) "निर्देशिका" भन्नाले सामूहिक लगानी कोष निर्देशिका, २०६९ सम्झनु पर्दछ ।

(घ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनुपर्दछ ।

(ङ) "विवरण पुस्तिका" भन्नाले इकाई सार्वजनिक निष्काशनको आव्हान गर्नुअघि योजनाको सम्बन्धमा सम्भावित लगानीकर्तालाई जानकारी प्रदान गर्ने प्रयोजनका लागि निर्देशिका बमोजिम प्रकाशन गरिने विवरण पुस्तिका सम्झनु पर्दछ ।

(च) "संकलन केन्द्र" भन्नाले इकाईको सार्वजनिक रुपमा निष्काशन तथा बिक्रीका लागि आवेदन फाराम बुझ्ने तथा इकाई बाँडफाँट पुर्जा र इकाईधनी प्रमाणपत्र वितरणका लागि योजना व्यवस्थापक कम्पनीले तोकेको संस्था सम्झनु पर्दछ ।

(छ) "निष्काशन बैंक" भन्नाले इकाईको सार्वजनिक निष्काशन तथा बिक्रीबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएका "क" बर्गको बैंकहरुलाई सम्झनु पर्दछ ।

(ज) "कोष प्रवर्द्धक" भन्नाले नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडलाई सम्झनु पर्दछ ।

(झ) "योजना व्यवस्थापक" भन्नाले एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडलाई सम्झनु पर्दछ ।

(ञ) "कोष सुपरिवेक्षक" भन्नाले नियमावलीको व्यवस्थाबमोजिम एनआईबिएल म्यूचुअल फण्डको सुपरिवेक्षणका लागि कोष प्रबर्द्धकबाट नियुक्त गरी बोर्डबाट स्वीकृतिप्राप्त व्यक्तिहरुको समूहलाई सम्झनुपर्दछ ।

(ट) "डिपोजिटरी" भन्नाले योजना अर्न्तगतका इकाई धनीहरुको रेकर्ड राख्ने, इकाई नामसारी सम्बन्धी कार्य गर्ने, योजनाको लगानीको प्रतिफल प्राप्त गरी सोको रेकर्ड राख्ने इकाई धनीहरुलाई लाभांश वितरण गर्नेजस्ता नियमावलीले तोकेको कार्य गर्ने अनुमतिप्राप्त एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडलाई सम्झनु पर्दछ ।

## २.३ विवरण पुस्तिका तथा दरखास्त प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु

| क्र.सं. | कम्पनीको नाम र ठेगाना |
|---|---|
| १. | नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, दरबारमार्ग स्थित प्रधान कार्यालय तथा आव्हान पत्रमा तोकिएको सम्पूर्ण शाखा कार्यालयहरु |
| २. | एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाडौं |

उपर्युक्त स्थानहरु बाहेक निष्काशन तथा बिक्री प्रबन्धकद्वारा अन्य माध्यम मार्फत सूचित गरिने सङ्कलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त वित्तीय संस्था तथा मर्चेन्ट बैंकरहरुमा विवरण-पुस्तिका प्राप्त गर्न वा हेर्न सकिने, निवेदन फारम पाउने, बुझाउने र रकम जम्मा गर्न सकिनेछ । आवेदकले संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्टमार्फत दरखास्त दिन पाइनेछ र यसरी आवेदकले आवेदन दिन चाहेमा इकाई निष्काशन बन्द हुने अघिल्लो दिन (सो दिन सार्वजनिक बिदा परे सोको अघिल्लो दिन) सम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/C Payee) ड्राफ्टसाथ इकाईको आवेदन फाराम नेपाल सरकारको हुलाक सेवामार्फत रजिष्ट्री गरी पठाएका आवेदनलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ । बिक्री खुल्ला भएको अवस्थामा जारी भएको भएतापनि इकाई बिक्री बन्द भएको १० (दश) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिने छैन ।

## २.४ विवरण पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्व सम्बन्धमा :

यस विवरण पुस्तिकामा उल्लेख गरिएका विवरणहरु सहभागीहरुको जानकारीको लागि ऐन तथा नियमावली बमोजिम तयार गरी बोर्डबाट स्वीकृत भएको हो । यसबाट योजनामा सहभागी हुन चाहने जो कोहीले योजनामा सहभागी हुनुभन्दा अगाडि नै योजनाबारे जानकारी प्राप्त गर्न सक्नेछन् । यो विवरण पुस्तिका बोर्डबाट स्वीकृत भएतापनि यसको राम्रोसँग अध्ययन गरेर मात्र लगानी गर्न सुझाव दिईन्छ । विवरण पुस्तिका प्रकाशित भए पश्चात् निष्काशन खुला हुनुअघि वा सो अवधिमा यस विवरण पुस्तिकामा कुनै प्रकारको परिवर्तन भएमा सोको सार्वजनिक रुपमा जानकारी गराइनेछ ।

## ३. उद्घोषण :

### ३.१ नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण

इकाई सार्वजनिक निष्काशन गर्नका लागि तयार गरिएको यस विवरण पुस्तिकालाई धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी प्रदान गरिएको स्वीकृतिले विवरण पुस्तिकामा उल्लेखित कुराको सत्यता वा योजना व्यवस्थापक वा योजनाको आर्थिक सक्षमताको बारेमा बोर्डले कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

### ३.२ कोष प्रवर्द्धकको उद्घोषण

प्रचलित कानूनवमोजिम योजना व्यवस्थापकले तयार गरेको यस योजना कोष सुपरिवेक्षक तथा बोर्डको स्वीकृतिमा सञ्चालनमा आउनेछ । कोष सुपरिवेक्षक तथा योजना व्यवस्थापकको सञ्चालक समितिमा कोष प्रवर्द्धकको प्रतिनिधि सञ्चालकमार्फत योजनाको व्यवसायिक तथा नियमसंगत व्यवस्थापनमा कोष प्रवर्द्धकको सहभागिता रहनेछ । विवरण पुस्तिकामा समाबेश विवरण हामीले जाने बुझेसम्म सत्य तथ्य रहेका छन् ।

### ३.३ योजना व्यवस्थापकको उद्घोषण

यो विवरण पुस्तिकामा योजनासम्बन्धी जानकारीहरु उल्लेख गरिएको छ । यस विवरण पुस्तिकामा उल्लेख गरिएको वित्तिय विवरण, अन्य विवरण तथा जानकारी तथा कागजातहरुको सत्यता तथा शुद्धता प्रति हस्ताक्षर गर्ने हामी संचालकहरु ब्यक्तिगत वा सामुहिक रुपमा जवाफदेहिता बहन गर्दछौं तथा लगानीकर्ताहरुलाई लगानी सम्बन्धि सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

### ३.४ कोष सुपरिवेक्षकको उद्घोषण

यस विवरण पुस्तिकालाई हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यसमा समावेश गरिएका वित्तिय विवरण, योजना व्यवस्थापक, कोष सुपरिवेक्षक आदी सम्बन्धि विवरण तथा जानकारीहरु सत्य तथ्य रहेका छन् । यस पुस्तिकामा उल्लेख गरिएका विवरणहरु स्पष्ट तथा प्रयाप्त मात्रामा राखिएको छ र लगानीकर्ताहरुलाई लगानी सम्बन्धि सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

## ४. योजना सम्बन्धी संक्षिप्त जानकारी

| | | | |
|---|---|---|---|
| ४.१ | क | **योजनाको नाम** | **एनआईबिएल समृद्धि फण्ड-१ (NIBL Samriddhi Fund - I)** |
| | ख | योजनाको आकार | रु ८०,००,००,००० (असी करोड) |
| | ग | योजनाको प्रकार | बन्दमुखी (close-end) |
| ४.२ | क | निष्काशन गर्न लागिएको इकाई संख्या | ८,००,००,००० (आठ करोड) |
| | ख | प्रति इकाई मूल्य | रु १० (अक्षरेपी : नेपाली रुपैया दश) |
| | ग | न्यूनतम विक्री हुनुपर्ने इकाई संख्या | ४,००,००,००० (चार करोड) |
| | घ | अधिकतम सकारिने इकाई संख्या | १०,००,००,००० (दश करोड) |
| | ङ | योजनाको अवधि | ७ बर्ष |
| | च | योजना परिपक्व हुने मिति | योजनाको इकाई बाँडफाँट भएको मितिले ७ वर्ष (उक्त अवधिपश्चात् योजनाको लगानीलाई नगदमा परिणत गरी इकाईधनीहरुलाई समानुपातिक हिसाबले प्रचलित कानूनबमोजिम वितरण गरिने)। |
| | छ | योजना बिक्री खुल्ला हुने मिति | ……………गते । |
| | ज | योजना बिक्री बन्द हुने मिति (छिटोमा)<br>योजना बिक्री बन्द हुने मिति (ढिलोमा) | ……………गते (बैंकिंग समय पश्चात्) ।<br>……………गते (बैंकिंग समय पश्चात्) । |

| | | | |
|---|---|---|---|
| | झ | इकाई बिक्री केन्द्रहरु | योजना व्यवस्थापक श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको कार्यालय, कोष प्रर्वद्धक श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड को प्रधान कार्यालय र आह्वान पत्रमा तोकिएका सबै शाखा कार्यालयहरु तथा योजना व्यवस्थापकले नियुक्त गरेका संकलन केन्द्रहरु । |
| | ञ | आवेदकले खरिद गनुपर्ने न्यूनतम इकाई संख्या | १०० (एक सय) |
| | ट | आवेदकले खरिद गर्न सक्ने अधिकतम इकाई संख्या | ८०,००,००० (असी लाख) |
| | ठ | इकाई बिक्री तथा बाँडफाँड सम्बन्धी व्यवस्था | इकाई विक्रीका लागि आवेदन लिने कार्य समाप्त भएपश्चात् धितोपत्र बाँडफाट निर्देशिका,२०६८ बमोजिम इकाईको बाँडफाट गरिने । |
| | ड | सूचिकरण तथा दोस्रो बजार कारोबार व्यवस्था | इकाईहरु नेपाल स्टक एक्सचेन्जमा सूचिकृत गरी कारोबारको व्यवस्था गरिने । |
| ४.३ | | योजनाको मुनाफा वितरणको लक्ष्य | योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अङ्कित मूल्यको आधारमा मुनाफा वितरण गरिने । सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिने । |
| ४.४ | | इकाई खरिद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु | नियमावली एवं निर्देशिकाको अधीनमा रही नेपाली नागरीक, गैरआवासीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित कानूनबमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तिय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चयकोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्ने । |
| ४.५ | | योजना व्यवस्थापकको<br>नाम तथा ठेगाना :<br><br>स्थापित ऐन :<br><br>दर्ता मिति :<br><br><br>बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति : | एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, का.म.न.पा. वडा नं. २, लाजिम्पाट, काठमाडौं ।<br><br>कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन, २०६३ ।<br><br>कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मिति : २०६७/११/२५, दर्ता नं. : १२८४/०६७/०६८<br><br>२०७०/०५/०७ |
| ४.६ | | योजना व्यवस्थापकको लेखापरिक्षकको नाम तथा ठेगाना | सुन्दर एण्ड कम्पनी चार्टर्ड एकाण्टेण्ट्स, पुल्चोक, ललितपुर । |
| ४.७ | | योजना लेखापरिक्षकको नाम तथा ठेगाना | एस. आर. पाण्डे एण्ड कम्पनी, पकनाजोल, काठमाडौं । |
| ४.८ | | कोष सुपरिवेक्षकको नाम तथा ठेगाना | (१) श्री शम्भु राम सिम्खडा<br>बांसबारी ३, काठमाडौं ।<br>(२) जितेन्द्र बहादुर राजभण्डारी<br>१३ - सतमार्ग, सानेपा, ललितपुर ।<br>(३) डा. दुर्गेश मान सिंह<br>९/५४८ यटका टोल, काठमाडौं - २६ ।<br>(४) मधुकर शमशेर ज.व.राणा<br>४/१३९ जावलाखेल, ललितपुर ।<br>(५) डा. विमल प्रसाद कोइराला<br>आनन्द भैरव मार्ग, ज्ञानेश्वर, काठमाडौं । |

| | | | |
|---|---|---|---|
| ४.९ | | रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत | ICRA Nepal बाट कोष प्रवर्द्धकको लागि रेटिङ्ग “[ICRANP-IR] A” Adequate degree of safety regarding timely servicing of Financial Obligations र योजना व्यवस्थापकको लागि रेटिङ्ग “[ICRANP] AMC Quality 3 (AMC3)” Adequate Assurance on Management Quality प्राप्त । |
| ४.१० | | लगानीका क्षेत्रहरु | नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधीनमा रही इकाई बिक्रीबाट उठेको वा सकंलन भएको रकम देहाय बमोजिमको कुनै वा सबै क्षेत्रमा लगानी हुनेछ :<br>१. बोर्डमा दर्ता भएको धितोपत्र ।<br>२. सार्वजनिक निष्काशन भएको धितोपत्र ।<br>३. धितोपत्र बिनिमय बजारमा सुचीकृत धितोपत्र ।<br>४.नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै सस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बील तथा मुद्रा बजारका अन्य साधनहरु ।<br>५. बैंक निक्षेप ।<br>६. मुद्रा बजार उपकरण ।<br>७. बोर्डले तोकिदिएको अन्य क्षेत्र । |
| ४.११ | | योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना | योजना व्यवस्थापक कम्पनीले नै डिपोजिटरीको कार्य गर्ने छ । सो कार्य कम्पनीको काठमाडौं - २, लाजिम्पाट स्थित कार्यालयबाट प्रदान गरिने छ । |
| ४.१२ | | खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था | निर्देशिकाले व्यवस्था गरे बमोजिम खुद सम्पत्ति मूल्य गणना गरिने र सो विवरण नियमावलीले व्यवस्था गरेबमोजिम सार्वजनिक गरिने छ । सो सम्बन्धी विस्तृत विवरण यस विवरण पुस्तिकाको बुँदा ८.९ (क) र (ख) मा उल्लेख गरिएको छ । |

## ५. कोष प्रवर्द्धक सम्बन्धी जानकारी

**५.१ कोष प्रवर्द्धकको नाम :**
श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड ।

**५.२ योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत :**
योजना व्यवस्थापक कम्पनीमा कोष प्रबर्द्धक श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको चुक्ता पूँजीको १०० प्रतिशत शेयर स्वामित्व रहेको छ ।

**५.३ कोष प्रवर्द्धक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरण :**
प्रचलित कम्पनी ऐन अन्तगर्त सस्थापित र सञ्चालित एवं बैंक तथा वित्तीय सस्था सम्बन्धी ऐन, २०६३ अनुसार कारोबार गर्न इजाजत प्राप्त ।

**५.४ कोष प्रवर्द्धकको संक्षिप्त इतिहास :**

नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, तत्कालिन कम्पनी ऐन तथा तत्कालिन वाणिज्य बैंक ऐन अर्न्तगत २०४२ साल माघ ६ गते रोज १ का दिन उद्योग तथा वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा दर्ता भएको हो । यस बैंकले तत्कालिन वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत वाणिज्य बैंकको रुपमा बैंकिङ्ग कारोवार गर्न नेपाल राष्ट्र बैंकवाट मिति २०४२ साल माघ २२ गते ईजाजत पत्र प्राप्त गरी “क” वर्गको वित्तीय संस्थाको रुपमा आफ्नो सेवा संचालन गर्दै आएको छ । नेपाल भित्र वैदेशिक प्रविधि तथा लगानी सम्झौतामा निजी क्षेत्रबाट

बैंक स्थापना गरी देशका विभिन्न ठाउँमा बैंकिङ्ग सेवा उपलब्ध गराउने अभिप्रायले यस बैंकको स्थापना भएको हो । सो मूताविक यसले आफ्नो कार्यक्षेत्रलाई विस्तार गर्दै स्वदेश तथा विदेशका विभिन्न ठाउँमा बैंकिङ्ग सेवा पुऱ्याउदै आएको छ । यस बैंकको संस्थापक तथा संचालकहरु बैंकिङ्ग तथा वित्तीय क्षेत्र तथा व्यबस्थापनमा लामो समय देखि आवद्ध रहेका व्यक्तित्वहरु हुनुहुन्छ । यस बैंकमा ५०% शेयर स्वामित्व संस्थापक शेयरधनीहरुको, १५% शेयर स्वामित्व राष्ट्रिय वाणिज्य बैंकको, १५% शेयर स्वामित्व राष्ट्रिय बिमा संस्थानको र २०% शेयर स्वामित्व सर्वसाधारण शेयरधनीहरुको रहेको छ ।

## ५.५ कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु

कम्पनीको प्रबन्धपत्र अनुसार कम्पनीका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :
नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३, र कम्पनी ऐन २०६३ तथा अन्य प्रचलीत कानुनको अधिनमा रही वित्तीय कारोवार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मूख्य उद्देश्यहरु देहाय वमोजिम हुने छ ।

क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हकहितको संरक्षण र सर्म्बद्धन गर्दै सर्वसाधारणलाई गूणस्तरीय तथा भरपर्दो वित्तिय सेवा उपलब्ध गराउने,

ख) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील ब्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापरिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पूऱ्याउने,

ग) उपलब्ध शीप, श्रम तथा पुंजीलाई उचीत परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमुलक ब्यवसायको स्थापना, सञ्चालन, बिकास विस्तार एवम् प्रबर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पूऱ्याउने, र

घ) मूलूकमा छरिएर रहेको पुंजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

## ५.६ कोष प्रवर्द्धकको विगत तीन वर्षको वित्तीय विवरण

नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको विगत तीन वर्षको लेखापरीक्षण भएको समष्टिकृत वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँट हिसाब तथा नगद प्रवाह विवरण तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थसम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

## क) समष्टिकृत वासलात

| विवरण | वास्तविक (रु हजारमा) | | |
|---|---|---|---|
| | २०६९ असार मसान्त | २०७० असार मसान्त | २०७१ असार मसान्त |
| **पूँजी तथा दायित्व** | | | |
| शेयर पूँजी | ३७,६६,१५५.२५ | ४१,४४,८०८.४७ | ४७,६८,७१३.६२ |
| जगेडा कोषहरु | २२,८३,७८५.९३ | २८,७६,६७५.३७ | ३१,६३,९०५.४३ |
| ऋणपत्र तथा बण्ड | १०,५०,०००.०० | ८,००,०००.०० | १०,५०,०००.०० |
| तिर्न बाँकी कर्जा सापट | ५,६७,५७९.२४ | ३,१०,५६६.०० | ४,२४,३३९.७५ |
| निक्षेप दायित्व | ५,७०,१०,६०३.७९ | ६,२४,२७,५९७.६३ | ७,३८,२८,०८३.९७ |
| भुक्तानी दिनु पर्ने बिलहरु | २,९७७.२३ | २,८८८.२५ | २६६.४८ |
| प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | १,५०,६४६.२१ | ९,४२,००१.९३ | १०,३६,६७६.८७ |
| आयकर दायित्व | – | – | – |
| अन्य दायित्व | ९,२४,४८४.३१ | १६,४८,३१३.१२ | १९,०७,६१९.२६ |
| **जम्मा** | **६,५७,५६,२३१.९५** | **७,३१,५२,८५०.७६** | **८,६१,७९,६०५.३८** |
| **सम्पत्ति** | | | |
| नगद मौज्दात | १९,६३,९६८.८३ | २१,७२,९८६.८२ | २१,७०,७७२.९६ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ८५,०२,६९४.०९ | ८७,५२,५९१.२८ | १,२६,५२,९३७.०७ |
| बैक तथा बित्तिय संस्थामा रहेको मौज्दात | १३,३७,०८७.९० | २४,१७,८३०.७७ | २०,०२,२३८.२० |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | २,०५,३६३.०० | २,६७,४००.०० | २३२,३७५.०० |
| लगानी | १,०४,३८,४८७.१२ | १,१३,३४,९९६.९१ | १,५२,८३,२२५.८९ |
| कर्जा, सापट तथा विल खरिद | ४,१६,३६,९९८.८२ | ४,६४,००,०५३.६९ | ५,२०,१९,७६५.१० |
| स्थिर सम्पत्ति | १०,५६,४३८.७७ | १०,७२,५८९.६० | १०,६४,५४९.९४ |
| गैरबैंकिङ्ग सम्पत्ति | - | - | - |
| अन्य सम्पत्ति | ६,१५,१९३.४३ | ७,३४,४०१.६९ | ७५३,७४१.२२ |
| **जम्मा** | **६,५७,५६,२३१.९५** | **७,३१,५२,८५०.७६** | **८,६१,७९,६०५.३८** |

**ख) समष्टिकृत नाफा नोक्सान हिसाब**

| विवरण | | वास्तविक रु हजारमा | | |
|---|---|---|---|---|
| | | आ. व. २०६८/६९ | आ. व. २०६९/७० | आ. व. २०७०/७१ |
| १ | ब्याज आम्दानी | ५९,८२,६४१.२४ | ५८,८५,५२९.५१ | ५८,२०,५९२.०३ |
| २ | ब्याज खर्च | (३८,१४,४११.१९) | (२७,७३,७८९.४०) | (२८,१८,८०५.८५) |
| **खुद ब्याज आम्दानी** | | **२१,६८,२३०.०६** | **३१,११,७४०.११** | **३०,०१,७८६.१८** |
| ३ | कमिशन तथा डिस्काउण्ट | ३,१९,६६६.५८ | ३,३६,९७२.८६ | ४,७९,६९८.७४ |
| ४ | अन्य सञ्चालन आम्दानी | १,५७,७८०.१७ | १,९९,८३९.३३ | २,२५,५५८.५६ |
| ५ | सटही घटबढ आम्दानी | २,६४,१६६.५५ | ३,६०,२४४.७९ | ४,६०,२२६.७७ |
| **कुल सञ्चालन आम्दानी** | | **२९,०९,८४३.३६** | **४०,०८,७९७.१०** | **४१,६७,२७०.२५** |
| ६ | कर्मचारी खर्च | (३,४०,१६०.३५) | (३,८४,६९४.१२) | (४,४६,५२७.२६) |
| ७ | अन्य सञ्चालन खर्च | (४,६८,८६२.९९) | (५,१८,८७९.१०) | (५,४२,९६०.४७) |
| ८ | सटही घटबढ नोक्सान | – | – | – |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा नोक्सान** | | **२१,००,८२०.०२** | **३१,०५,२२३.८८** | **३१,७७,७८२.५२** |
| ९ | सम्भावित नोक्सानी व्यवस्थाहरु | (७,४३,७२३.८१) | (९,५८,३३५.९७) | (२,७७,२७८.२६) |
| **सञ्चालन मुनाफा** | | **१३,५७,०९६.२१** | **२१,४६,८८७.९१** | २९,००,५०४.२६ |
| १० | गैरसञ्चालन आम्दानी (खर्च) | १४,१६०.५८ | १०,४३१.०९ | ११,८४१.४५ |
| ११ | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | २,६७,६८५.३२ | ९,३०,००३.६० | १,३९,१४८.३२ |
| **नियमित कारोबार बाट भएको मुनाफा** | | **१६,३८,९४२.१०** | **३०,८७,३२२.६०** | **३०,५१,४९४.०२** |
| १२ | असामान्य कारोबारहरुबाट भएको मुनाफा (खर्च) | (१,७२६.१६) | (७४,३९३.३४) | ५२७.२७ |
| **सम्पुर्ण कारोबार समावेशपछिको खुद मुनाफा** | | **१६,३७,२१५.९४** | **३०,१२,९२९.२६** | **३०,५२,०२१.२९** |
| १३ | कर्मचारी बोनस व्यवस्था | (१,४८,८३७.८२) | (२,७३,९०२.६६) | (२,७७,४५६.४८) |
| १४ | आयकर व्यवस्था | (४,४९,१०२.५१) | (८,२२,५५४.७५) | (८,२६,८६७.०४) |
| | यस वर्षको | (४,४८,०७०.३१) | (८,२३,१८५.६०) | (८,३१,२१७.९३) |
| | गत वर्षको | (१२,६७५.२५) | – | (२९५.४९) |
| | स्थगन कर आम्दानी (खर्च) | ११,६४३.०५ | २६.६७ | २,८६१.६७ |
| **खुद नाफा नोक्सान** | | **१०,३९,२७५.६१** | **१९,१५,८६७.६८** | **१९,४५,९१३.०६** |

## ग) समष्टिकृत नाफा नोक्सान बाँडफाँट हिसाब

| विवरण | वास्तविक रु. हजारमा | | |
|---|---|---|---|
| | आ. व. २०६८/६९ | आ. व. २०६९/७० | आ. व. २०७०/७१ |
| **आम्दानी** | | | |
| गत वर्षसम्मको सञ्चित मुनाफा | २,५५,५३३.७३ | १९,६३५.२१ | ७७,६३८.१३ |
| यस वर्षको मुनाफा | १०,३९,२७५.६१ | १९,१५,८६७.६८ | १९,४५,९१३.०६ |
| सटही घटबढ कोष | – | – | – |
| पूँजी समायोजन कोषबाट फिर्ता | – | – | ५,००,०००.०० |
| ऋणपत्र भुक्तानी कोषबाट फिर्ता | – | – | – |
| लाभांस फिर्ता RMDC (अघिल्लो बर्षको) | | (४,१७५.५४) | – |
| **जम्मा** | **१२,९४,८०९.३५** | **१९,३१,३२७.३५** | **२५,२३,५५१.१९** |
| **खर्च** | | | |
| गत वर्षसम्मको सञ्चित नोक्सान | – | – | – |
| यस वर्षको नोक्सान | – | – | – |
| साधारण जगेडा कोष | (२,०७,८५५.१२) | (३,८३,००५.५९) | (३,८७,९२२.४७) |
| भैपरी आउने जगेडा कोष | – | – | – |
| संस्था विकास कोष | – | – | – |
| लाभांश समीकरण कोष | – | – | – |
| कर्मचारी सम्बन्धी जगेडाहरु | – | – | – |
| प्रस्तावित नगद लाभांश | (१,५०,६४६.२१) | (९,४२,००१.९३) | (१०,३६,६७६.८७) |
| प्रस्तावित बोनस शेयर | (७,५३,२३१.०५) | (३,७६,८००.७७) | (६,२२,००६.१२) |
| विशेष जगेडा कोष | – | – | – |
| सटही घटबढ कोष | (१३,४४१.७५) | (४,८६०.९३) | (४,७२५.६१) |
| पँजी समायोजन कोष | – | – | – |
| ऋणपत्र भुक्तानी कोष | (१,५०,०००.००) | (१,४७,०२०.००) | (१,८२,७३५.२९) |
| लगानी समायोजन कोष | – | – | (१,००,९५९.८९) |
| **जम्मा** | **(१२,७५,१७४.१७)** | **(१८,५३,६८९.२१)** | **(२३,३५,०२६.२५)** |
| **सञ्चित मुनाफा नोक्सान** | **१९,६३५.२१** | **७७,६३८.१४** | **१,८८,५२४.९४** |

## घ) समष्टिकृत नगद प्रवाह विवरण

| | | आ. व. २०६८/६९ | आ. व. २०६९/७० | आ. व. २०७०/७१ |
|---|---|---|---|---|
| **क.** | **कारोवार सञ्चालनबाट नगद प्रवाह** | **४२,६७,६५५.६६** | **२४,४५,०१९.५५** | **३६,७४,४००.७९** |
| **१** | **नगद प्राप्ति** | **६६,२६,२३३.९९** | **६६,५०,०२३.५८** | **७०,७९,०३४.६८** |
| १.१ | व्याज आम्दानी | ५९,३७,२२४.४५ | ५७,७२,२३६.०७ | ५८,७५,३३४.०४ |
| १.२ | कमिशन तथा डिस्काउन्ट आम्दानी | २,५६,५९३.२१ | ३,११,६५५.२८ | ५,२७,६८४.७३ |
| १.३ | विदेशी बिनिमय कारोवारबाट आम्दानी | २,६४,१६६.५५ | ३,६०,२४४.७९ | ४,६०,२२६.७७ |
| १.४ | अपलेखित कर्जाको असुली | ३४८.१९ | – | ५२७.२७ |
| १.५ | अन्य आम्दानी | १,६७,९०१.६० | २,०५,८८७.४४ | २,१५,२६१.८७ |
| **२** | **नगद भुक्तानी** | **(५०,०२,८८९.९७)** | **(४४,२५,०८१.५९)** | **(४४,१८,८१४.९५)** |
| २.१ | ब्याज खर्च | (३७,८३,५६७.७३) | (२८,५४,७४९.२४) | (२८,०८,१०४.२६) |
| २.२ | कर्मचारी खर्च | (३,४०,१६०.३५) | (३,८४,६९४.१२) | (४,४६,६७१.६५) |
| २.३ | कार्यालय सञ्चालन खर्च | (३,१९,८१०.९०) | (३,६४,१२५.९८) | (३,९३,३७८.१७) |
| २.४ | आयकर भुक्तानी | (५,५९,३५१.००) | (८,२१,४७७.०५) | (७,७०,६२५.६७) |
| २.५ | अन्य खर्च | – | (३५.२०) | (३५.२०) |
| **कार्यगत पूँजी (Working Capital) गतिविधि अघिको नगद प्रवाह** | | **१५,८९,६१४.५४** | **१६,२३,३४४.०२** | **२६,६०,२१९.७३** |
| **सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा कमी/(बृद्धि)** | | **५,७९,९८९.८६** | **(३८,७९,६७४.७०)** | **(१,०१,८५,४६६.६२)** |
| १ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(बृद्धि) | (५५,३६३.००) | (६२,०३७.००) | (३५,०२५.००) |
| २ | अन्य अल्पकालीन लगानीमा कमी/(बृद्धि) | (२७,५७,९५५.५९) | (८,६७,०७५.३८) | (४३,१०,६६८.७८) |
| ३ | कर्जा तथा विल्स खरिदमा कमी/(बृद्धि) | (९,७३,५८०.३५) | (४८,१७,५२१.१६) | (५७,३३,३७२.०२) |
| ४ | अन्य सम्पत्तिमा कमी/(बृद्धि) | (९२,७७५.७६) | (७२,६५४.०७) | (१,७६,४५०.८२) |
| **सञ्चालन सम्बन्धी चालु दायित्वमा बृद्धि/(कमी)** | | **(२,८५,५६९.४३)** | **६५,२३,९८६.३३** | **१,११,९९,६४७.६८** |
| १ | निक्षेप दायित्वमा बृद्धि/(कमी) | ६८,७२,४८१.५५ | ५४,१६,९९३.८४ | १,१४,००,४८६.३४ |
| २ | सर्टिफिकेट अफ डिपोजिटमा बृद्धि/(कमी) | – | – | – |
| ३ | अल्पकालीन सापटीमा बृद्धि/(कमी) | (४५,०८४.७६) | ७४,८८६.७६ | २१,०५६.७५ |
| ४ | अन्य दायित्वमा बृद्धि/(कमी) | (३,०३,४१०.४५) | ५,४७,४८४.५७ | (२,२१,८९५.४१) |
| **ख** | **लगानी कारोबारमा नगद प्रवाह** | **(३,३५,४५३.१२)** | **(२,७८,५१५.४९)** | **(२,६०,१८६.७७)** |
| १ | दीर्घकालीन लगानीमा कमी/(बृद्धि) | (२,५८,०२५.००) | (१,२८,३८४.४२) | (३,६२,४३९.८०) |
| २ | स्थिर सम्पत्तिमा कमी/(बृद्धि) | (८१,४६७.२७) | (१,५०,११६.२१) | (१,२४,३९१.१६) |
| ३ | दीर्घकालीन लगानीमा ब्याज आम्दानी | – | – | १०,५७८.५८ |
| ४ | लाभांश आम्दानी | ४,०३९.१५ | (१४.८६) | ११,५५९.५५ |
| **ग** | **वित्तिय श्रोत कारोबारबाट नगद प्रवाह** | **(२,६८,८२२.३५)** | **(७,२२,०४४.८४)** | **(४,५२,०४८.२०)** |
| १ | दीर्घकालीन ऋण बण्ड, डिबेन्चर आदि मा बृद्धि/(कमी) | – | (२,५०,०००.००) | २,५०,०००.०० |
| २ | शेयर पूँजीमा बृद्धि/(कमी) | १,५५२.०८ | १,८५२.४५ | १,८९९.०३ |
| ३ | अन्य दायित्वमा बृद्धि/(कमी) | – | – | – |
| ४ | नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत पुनरकर्जामा बृद्धि/(कमी) | ३,३१,९००.०० | (३,३१,९००.००) | ९२,७१७.०० |
| ५ | लाभांश खर्च | (६,०२,२७४.४३) | (१,४१,९९७.२९) | (७,९६,६६४.२३) |
| **घ** | **नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी /(खर्च)** | – | – | – |
| **ङ** | **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **३६,६३,३८०.१९** | **१४,४४,४५९.२१** | **३४,८२,५३९.३६** |
| **च** | **नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | **८१,४०,३७०.६३** | **१,१८,९८,९४९.६६** | **१,३३,४३,४०८.८७** |
| **छ** | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१,१८,०३,७५०.८२** | **१,३३,४३,४०८.८७** | **१,६८,२५,९४८.२३** |

ङ) विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थसम्बन्धी विवरण

| विवरण | आ. व २०६८/६९ | आ. व. २०६९/७० | आ. व. २०७०/७१ |
|---|---|---|---|
| चुक्ता पूँजी | ३०,१२,९२४.२० | ३७,६८,००७.७० | ४१,४६,७०७.५० |
| जगेडा तथा कोष | २२,८३,७८५.९३ | २८,७५,८३५.६३ | ३१,५६,७६४.९७ |
| प्रस्तावित बोनस शेयर | ७,५३,२३१.०५ | ३,७६,८००.७७ | ६,२२,००६.१२ |
| **जम्मा नेटवर्थ** | **६०,४९,९४१.१८** | **७,०२०,६४४.१०** | **७,९२५,४७९.५९** |
| शेयर संख्या हजारमा (बोनस सहित) | ३०,१२९ | ३७,६८१ | ४७,६८७ |
| प्रति शेयर नेटवर्थ रु. | २००.८० | १८६.३२ | १६६.२० |
| प्रति शेयर आम्दानी (EPS) | २७.६ | ४६.२ | ४०.७ |
| नेथवर्थमा प्रतिफल (%) | १७.१८ | २४.७९ | २४.४९ |

## ६. योजना व्यवस्थापक सम्बन्धी विवरण

### ६.१ योजना व्यवस्थापकको परिचय

(क) **योजना व्यवस्थापकको नाम** : श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड

(ख) **योजना व्यवस्थापक स्थापित भएको ऐन/नियमसम्बन्धी विवरण** :
कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापना भई नेपाल धितोपत्र बोर्डबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायी मर्चेन्ट बैंकर, योजना ब्यवस्थापक तथा डिपोजिटरी, र निक्षेप सदस्यको रुपमा अनुमतिपत्र प्राप्त ।

(ग) **योजना व्यवस्थापकको रजिष्टर्ड ठेगाना :**
काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नंः २, लाजिम्पाट ।

(घ) **योजना व्यवस्थापकको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास :**

एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड कम्पनी ऐन, २०६३ अर्न्तगत मिति २०६७/११/२५ मा नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । कम्पनीले धितोपत्र सम्बन्धी ऐन २०६३ अन्तर्गत धितोपत्र व्यवसायी : मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न नेपाल धितोपत्र बोर्ड बाट मिति २०६९/०३/०४ मा अनुमतिपत्र प्राप्त गरेको र कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०६९ श्रावण १६ देखि संचालन अनुमति प्राप्त गरेको हुनाले सोही मितिबाट मर्चेन्ट बैंकिंग सेवा प्रदान गर्दै आएको छ । कम्पनीले स्थापनाको बर्षमा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा विभिन्न संघ संस्थाहरुको धितोपत्रको सार्वजनिक निष्काशन र प्रत्याभूती सेवा कार्य गरेकोमा हाल कम्पनीले सोको अलावा आफूले प्रदान गर्ने सेवालाई विविधीकरण गर्दै शेयर प्रत्याभूती सेवा, शेयर रजिष्ट्रार सेवा, लगानी व्यवस्थापन सेवा प्रदान गर्दे आइरहेको तथा निक्षेप सदस्यको रुपमा समेत सेवा प्रदान गर्ने क्रममा रहेको छ । साथै यस

कम्पनीले मिति २०७०/०५/०७ मा नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्ने अनुमतिसमेत प्राप्त गरेको छ ।

(ङ) **योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु :**

**प्रबन्धपत्रमा उल्लेख भएबमोजिम योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन्** :

१. कम्पनीका शेयरधनीको हक हितको संरक्षण र सम्र्बद्धन गर्ने ।

२. लगानीकर्ताहरु लाई धितोपत्र व्यवसायीको रूपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने ।

३. लगानीकर्ताहरुको पुँजी बजारतर्फको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक कार्य सञ्चालन गर्ने ।

४. नयाँ तथा हाल कायम पूँजी बजारसँग सम्बन्धित सेवाको विकास/विस्तार गर्न नेपाल धितोपत्र बोर्डसंग आवश्यक समन्वय गर्ने तथा आवश्यकता अनसुार स्वीकृति प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने ।

५. उपलब्ध शीप, श्रम तथा पूँजी लाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा पूँजी बजारसँग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तथा प्रविधि उपलब्ध गराई देशमा पूँजी बजारको समग्र विकासका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।

योजना ब्यवस्थापक कम्पनीको प्रबन्धपत्र तथा नियमावली संस्थाको रजिष्टर्ड ठेगाना काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नः २, लाजिम्पाटमा प्राप्त गर्न वा हेर्न सकिनेछ ।

## ६.२ योजना व्यवस्थापकको भावी योजना तथा रणनीति

(क) **व्यवसाय/ सेवा बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयबद्ध रणनीति** :

कम्पनीले बजारको अवस्था हेरी यस बन्दमुखी योजनाका अतिरिक्त अन्य विभिन्न बन्दमुखी र खुल्लामुखी योजनाहरुसमेत सञ्चालनमा ल्याउनेछ । कम्पनी धितोपत्र बोर्डबाट धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) को रुपमा निष्कासन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन र लगानी व्यवस्थापनको कार्य गर्न अनुमतिपत्र पनि प्राप्त गरेको हुनाले योजना ब्यवस्थापनका साथै आगामी दिनहरुमा ग्राहकवर्गमाझमा विश्वसनीयताका साथ मर्चेन्ट बैंकिंग सम्बन्धि सेवालाई सशक्त रुपमा बिस्तार गर्दै लाने रणनिति लिएको छ । साथै कम्पनीले समय सापेक्ष आफनो प्रविधि सुधार र सक्षम जनशक्तिको बिकास गदै नेपाल भर आफनो सेवा विस्तार गर्ने तथा पूजी बजारका बिभिन्न क्षेत्रमा विविध नयाँ सेवा प्रदान गर्दै जाने रणनीति लिएको छ ।

(ख) **प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा योजना व्यस्थापकको व्यवसायको भविष्य :**

नेपाली पूँजी बजारमा सामूहिक लगानी कोषको अवधारणा हालसालै विकास भएको हो र नेपाली पूजी बजारमा खासै ठाउ बनाउन नसकेको र यस प्रकारको सेवा प्रदान गर्न स्थापित कम्पनीहरु सेवाको प्राथमिक चरणमै रहेका छन् । तर पनि हाल कार्यरत कम्पनीहरुले लगानीकर्तालाई म्युचुअल फण्डमा आकर्षण गर्न

गरेको प्रयास सरहानिय रहेको छ र यो स्थितिमा आपसी प्रतिस्पर्धा भन्दा पनि कम्पनी बिच कार्यगत एकता राख्नुपर्ने आजको आवश्यकता हो । तर पनि कम्पनीले आफ्नो क्षेत्रमा प्रतिस्पर्धी रहन संचालन र सुचना प्रबिधिलाई मजबुत गर्ने रणनीति तयार गरेको छ । कम्पनी आफ्नो लगानीमा रहेका जोखिमहरु कम गरी भविष्यमा पूँजी बजारमा महत्वपूर्ण स्थान लिने विश्वास लिइएको छ ।

## ६.३ योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था

कम्पनीको सञ्चालक समितिको संरचना तथा प्रतिनिधित्व देहाय बमोजिम रहेको छ :

| क्र.सं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | शेयरधनी श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडबाट प्रतिनिधि | ३ जना |
| २ | स्वतन्त्र व्यवसायिक सञ्चालक | २ जना |
| **जम्मा** | | **५ जना** |

स्वतन्त्र व्यवसायिक सञ्चालकको नियुक्ति समितिले गर्ने प्रावधान रहेको छ ।

## ६.४ योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी

(क) अधिकृत पूँजी : ५०,००,००० कित्ता शेयर प्रति शेयर रु. १०० का दरले जम्मा रु. ५०,००,००,००० ।- (अक्षरेपी पचास करोड)

(ख) जारी पूँजी : १४,५०,००० कित्ता शेयर प्रति शेयर रु. १०० का दरले रु. १४,५०,००,००० ।- (अक्षरेपी चौध करोड पचास लाख)

(ग) चुक्ता पूँजी : १०,१५,००० कित्ता शेयर प्रति शेयर रु. १०० का दरले रु. १०,१५,००,०००।- (अक्षरेपी दश करोड पन्ध्र लाख) रहेको छ ।

## ६.५ योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालकसम्बन्धी जानकारी

### (क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा), शैक्षिक योग्यता र अनुभव :

| क्र. सं. | नाम | ठेगाना | राष्ट्रियता | शेयर स्वामित्व (चूक्ता पूँजीको आधारमा) | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|
| १. | श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड | दरबारमार्ग, काठमाडौं | नेपाली | १०० % | लागू नहुने | बैकिंग क्षेत्रमा २८ बर्ष भन्दा बढी देखि सेवा दिइरहेको ‘क’ बर्गको इजाजतप्राप्त बैंक |

(ख) सञ्चालकहरुको नाम, पद, उमेर, ठेगाना, राष्ट्रियता, शैक्षिक योग्यता र अनुभव

| क्र. सं. | नाम | पद | उमेर (बर्ष) | ठेगाना | राष्ट्रियता | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|
| १ | श्री ज्योति प्रकाश पाण्डे (नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको तर्फ बाट) | अध्यक्ष | ५१ | वडा नं. ५, मानभवन, ललितपूर | नेपाली | एम.बि.ए. | - नेपाल इन्भेष्टमेन्ट बैंकमा १ बर्ष देखि प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत । - नेपाल इन्भेष्टमेन्ट बैंकमा १३ बर्षको कार्य अनुभव । - विभागिय प्रमुख तथा शाखा प्रमुख, हिमालयन बैंक लि, १० बर्षको कार्य अनुभव । - विभागिय प्रमुख, अन्तराष्ट्रिय बैंकिङ्ग, नेपाल इन्डोस्वेज बैंक, ४ बर्षको कार्य अनुभव । |
| **जम्मा जगेडा तथा कोष (ख)** | **१२५,३५६.५९** | **२८८,७२६.७६** | **४८९,२५३.९८** | **७३७,८५३.७६** | **१,०४८,५०८.४६** | **१,४४०,९९३.८५** | **१,४१२,१०८.२६** |
| **कोष व्यवस्थापन शुल्क, सुपरिवेक्षक शुल्क तथा डिपोजीटरी शुल्क अघिको खुद सम्पति मूल्य (ग) =(क + ख)** | **९२५,३५६.५९** | **१,०८८,७२६.७६** | **१,२८९,२५३.९८** | **१,५३७,८५३.७६** | **१,८४८,५०८.४६** | **२,२४०,९९३.८५** | **२,२१२,१०८.२६** |
| कोष व्यवस्थापन शुल्क | १५,०९६.८७ | १७,६२३.२३ | २०,८०७.३३ | २४,७३७.१९ | २९,६३०.६७ | ३५,७८३.१५ | ३८,९६४.६४ |
| सुपरिवेक्षक शुल्क | २,५८८.०३ | ३,०२१.१३ | ३,५६६.९७ | ४,२४०.६६ | ५,०७९.५४ | ६,१३४.२५ | ६,६७९.६५ |
| डिपोजीटरी शुल्क | ४,३१३.३९ | ५,०३५.२१ | ५,९४४.९५ | ७,०६७.७७ | ८,४६५.९१ | १०,२२३.७६ | ११,१३२.७६ |
| **जम्मा शुल्क (घ)** | २१,९९८.३० | २५,६७९.५६ | ३०,३१९.२५ | ३६.०४५.६२ | ४३,१७६.१२ | ५२,१४१.१५ | ५६,७७७.०५ |
| **खुद सम्पती मुल्य (ङ)=(ग- घ)** | ९०३,३५८.२९ | १,०६३,०४७.२० | १,२५८,९३४.७३ | १,५०१,८०८.१४ | १,८०५,३३२.३४ | २,१८८,८५२.७० | २,१५५,३३१.२१ |
| **कुल एकाई सङ्ख्या (च)** | ८०,०००.०० | ८०,०००.०० | ८०,०००.०० | ८०,०००.०० | ८०,०००.०० | ८०,०००.०० | ८०,०००.०० |
| **प्रति एकाई खुद सम्पती मुल्य (ङ/च)** | ११.२९ | १३.२९ | १५.७४ | १८.७७ | २२.५७ | २७.३६ | २६.९४ |
| **लगानीमा प्रतिफल** | **१२.९२%** | **१९.२३ %** | **२४.९२ %** | **३२.५७ %** | **४३.१२ %** | **५७.९५ %** | **१३.५३ %** |

## ङ . वित्तीय प्रक्षेपणका आधारहरु

१ . योजनाको सम्पत्तिको बाँडफाँट

| विवरण | बर्ष १ | बर्ष २ | बर्ष ३ | बर्ष ४ | बर्ष ५ | बर्ष ६ | बर्ष ७ |
|---|---|---|---|---|---|---|---|
| १. स्थिर आय हुने क्षेत्र | | | | | | | |
| क) मुद्दती खाता | ५.०% | ४.८६% | ४.६६% | ४.५४% | ४.४१% | ४.१६% | ३.७८% |
| ख) ऋणपत्रहरु | ८% | ७.७७% | ७.४५% | ७.२६% | ७.०६% | ६.६५% | ६.०५% |
| २. साधारण शेयर | ७८% | ७९.११% | ८१.१७% | ८३.७३% | ८५.३२% | ८६.६६% | ८७.३३% |
| ३. म्युचुअल फण्ड | २.०% | १.९४% | १.८६% | १.८२% | १.७६% | १.६६% | १.५१% |
| ४. प्राथमिक शेयरमा लगानी गर्न छुट्याईएको रकम/ माग तथा अल्प सूचनामा प्राप्त हुने रकम ❈ | ७.०% | ६.३२% | ४.८६% | २.६५% | १.४५% | ०.८७% | १.३३% |

❈ प्राथमिक शेयरमा लगानी गर्न छुट्याईएको रकम/ माग तथा अल्प सूचनामा प्राप्त हुने रकम : शुरुका बर्षहरुमा प्राथमिक शेयरमा लगानी गर्न छुट्याईएको रकममध्ये सम्पूर्ण रकम लगानी गर्नको लागि सोहि अनुसारको बजारमा प्राथमिक शेयरको निस्काशन नभएको खण्डमा त्यसलाई माग तथा अल्प सूचनामा (कल एकाउन्ट) लगानी गर्न सकिनेछ ।

**यो योजनाले नियमित रुपमा बजारमा देखिएका लगानीको अनुकुलता अथवा प्रतिकुलताको आधारमा योजना अन्तर्गत बिभिन्न क्षेत्रमा भएको लगानीको अनुपातलाई फेरबदल गर्न सक्नेछ ।**

## २. शुल्क तथा खर्चहरु (योजना निष्काशन तथा नियमित)

- योजना दर्ता शुल्क (योजनाको ०.१%) : रु. ८,००,०००.००
- योजना सूचिकरण शुल्क (योजनाको ०.०७५%) : रु. ६,००,०००.००, बार्षिक नविकरण शुल्क : रु. ५०,०००.००
- निष्काशन तथा बिक्री प्रबन्धन शुल्क : योजनाको ०.२५%, संकलन कमिशन योजनाको ०.१% र अन्य खर्चहरु रु. ५०,०००.००
- ब्रोकर शुल्क : कारोबार गरिने शेयरको हकमा मुल्यको ०.७%, ऋणपत्र र म्युचुअल फण्डको हकमा मुल्यको ०.४%
- लेखापरीक्षण शुल्क : पहिलो तिन वर्षसम्म बार्षिक रु. ५०,०००/- र त्यसपछिको तिन बर्षसम्म बार्षिक रु. ५५,०००/- र सातौ बर्षमा रु. ६०,०००/-
- कानुनी परामर्श शुल्क : पहिलो तिन वर्षसम्म बार्षिक रु. ६०,०००/- र त्यसपछिको दुई बर्षसम्म बार्षिक रु. ६५,०००/- र बाकि बर्षहरुमा बार्षिक रु. ७०,०००/-
- नियमित सूचना प्रकाशन शुल्क : बार्षिक रु. ५०,०००/-

## ३ . प्रक्षेपित प्रतिफल

| विवरण | बर्ष १ | बर्ष २ | बर्ष ३ | बर्ष ४ | बर्ष ५ | बर्ष ६ | बर्ष ७ |
|---|---|---|---|---|---|---|---|
| १. स्थिर आय | | | | | | | |
| क) मुद्दती खाता | ६.५% | ६.५% | ६.५% | ६.५% | ६.५% | ६.५% | ६.५% |
| ख) ऋणपत्रहरु | ७.०% | ७.०% | ७.०% | ७.०% | ७.०% | ७.०% | ७.०% |
| | | | | | | | |
| २. साधारण शेयर | ६.०% | ६.०% | ६.०% | ६.०% | ६.०% | ६.०% | ६.०% |
| ३.म्युचुअल फण्ड | १०.०% | १०.०% | १०.०% | १०.०% | १०.०% | १०.०% | १०.०% |
| ४.शेयरः नगद लाभांश | ११.०% | ११.०% | ११.०% | ११.०% | ११.०% | ११.०% | ११.०% |
| ५.बोनस शेयर | ८.३५% | ८.३५% | ८.३५% | ८.३५% | ८.३५% | ८.३५% | ८.३५% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. हकप्रद शेयर | ८.०% | ८.०% | ८.०% | ८.०% | ८.०% | ८.०% | ८.०% |
| ७. व्याज आम्दानी : माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ३.०% | ३.०% | ३.०% | ३.०% | ३.०% | ३.०% | ३.०% |
| ८. आई. पि.ओ. शेयरको बिक्री | ५०.०% | ५०.०% | ५०.०% | ५०.०% | ५०.०% | ५०.०% | ५०.०% |
| ९. आर्जित नाफा/(नोक्सान) | १०.९०% | १५.५८% | १८.९२% | २२.८९% | २७.७१% | ३३.७२% | २५.२६% |
| १०.आर्जित हुन बाँकि (Unrealized) पूजिंगत नाफा/(नोक्सान) | २.०२% | ३.६५% | ६.००% | ९.६८% | १५.४१% | २४.२३% | (११.७४)% |
| ११.लगानीमा प्रतिफल | १२.९२% | १९.२३% | २४.९२% | ३२.५७% | ४३.१२% | ५७.९५% | १३.५३% |

## ४. पाउनुपर्ने तथा भुक्तानी गर्नुपर्ने

- चालु सम्पत्ति : सन्ड्री डेब्टर्स (माग तथा अल्प सूचनामा प्राप्तहुने ब्याज आम्दानी, घोषित नगद लाभांस, बोनस र हकप्रद शेयर बिक्रीबाट प्राप्त हुन बाकि रकम)
- चालु दायित्व : सन्ड्री क्रेडिटर्स (योजना व्यवस्थापन शुल्क, डिपोजीटरी शुल्क, कोष सुपरिवेक्षक शुल्क, कानुनी शुल्क, लेखा परिक्षण शुल्क तथा दलाली शुल्क)

## ५. कर सम्बन्धी व्यवस्था

२०७०/७१ को तथा त्यसपश्चातको बजेटमा उल्लेख भएबमोजिम योजनाको नाफामा कर नलाग्ने व्यवस्था भएकाले करको गणना गरिएको छैन ।

## ८.५. योजनाको खर्चसम्बन्धी विवरण

योजनाको खर्चसम्बन्धी विवरण देहायअनुसार रहेको छ :

### (क) योजना निष्काशनका लागि गरिने खर्च

नियमावलीको व्यवस्थाबमोजिम बोर्डमा योजना दर्ता गर्ने शुल्क योजना रकमको ०.१ प्रतिशत हुने, सूचना प्रकाशन, आवेदन फाराम छपाई, आवेदन सङ्कलन, प्रशोधन तथा फिर्ता भुक्तानी, प्रमाणपत्र छपाइ तथा वितरण, इकाईको बाँडफाँड, योजनाको प्रचार प्रसार तथा निष्काशनसंग आवद्ध अन्य खर्च ।

### (ख) योजनाको नियमित खर्च

१. योजना व्यवस्थापन शुल्क : सामुहिक लगानी कोष नियमावली तथा निर्देशिकाले निर्धारण गरे बमोजिम खुद सम्पत्ती मुल्यको १.७५ प्रतिशतका दरले ।

२. कोष सुपरिवेक्षक (समूह) शुल्क : सामुहिक लगानी कोष नियमावली तथा निर्देशिकाले निर्धारण गरे बमोजिम खुद सम्पत्ती मुल्यको ०.३ प्रतिशतका दरले ।

३. डिपोजिटरी शुल्क : सामुहिक लगानी कोष नियमावली तथा निर्देशिकाले निर्धारण गरे बमोजिम खुद सम्पत्ती मुल्यको ०.५ प्रतिशतका दरले ।

४. केन्द्रिय निक्षेप सम्बन्धि शुल्क : CDS and Clearing Company Limited ले समय समयमा तोके बमोजिम ।

४. सूचीकरण तथा नवीकरण शुल्क : नेपाल स्टक एक्सचेन्ज लि. ले तोकेवमोजिम ।

५. लेखापरीक्षण, प्रचलित कानुनबमोजिमको सूचना प्रकाशन, कानुनी खर्च, शेयर कारोबारमा ब्रोकर कमिशन, अन्य जानकारी तथा प्रतिवेदन प्रकाशन (वास्तविक आधारमा) ।

**८.६ योजनाको मुनाफा वितरणको लक्ष्य :**

योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अङ्कित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफामध्ये आवश्यकतानुसार सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिनेछ ।

**८.७ लगानी तथा लाभांशका सम्बन्धमा लागू हुने करसम्बन्धी व्यवस्था**

प्रचलित कानुनले निर्धारण गरेबमोजिम हुनेछ ।

**८.८ योजनाका इकाईहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सोको प्रक्रिया**

यस योजनाका इकाईहरु कुनै अर्को योजनामा हस्तान्तरण हुने छैनन् । योजनाको अवधि समाप्त भए पश्चात् योजनाको सम्पत्ति बिक्री गरी इकाईधनीहरुलाई समानुपातिक आधारमा वितरण गरिनेछ । अवधि समाप्त भएको अवस्थामा इकाईधनीहरुको सहमतिमा यस योजनालाई नयाँ योजनामा परिणत गर्न सकिनेछ । योजनालाई नयाँ योजनामा परिणत गर्ने सम्बन्धी व्यवस्था र अपनाउने प्रकृया नियमावलीको अधीनमा रही बोर्डको स्वीकृति अनुरुप हुनेछ ।

**८.९ खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशनसम्बन्धी व्यवस्था**

**(क) खुद सम्पत्ति मूल्य गणना गर्ने विधि**

प्रति इकाई खुद सम्पत्ति मूल्य (नेट एसेट भ्यालु) कायम गर्दा योजनाको मूल्याङ्कन गर्ने मितिमा कायम रहेको सम्पूर्ण सम्पत्तिलाई कुल इकाई सङ्ख्याले भाग गरी प्रति इकाई खुद सम्पत्ति मूल्य कायम गरिनेछ । खूद सम्पत्ति मूल्याङ्कन गर्ने सूत्र देहाय बमोजिम हुनेछ :

मुल्यांकन मितिमा लगानी मुल्य + प्राप्त हुन बांकि प्रतिफल
वा आय तथा अन्य रकमहरु - तीर्न बांकि दायित्व तथा अन्य रकमहरु

प्रति एकाई खुद सम्पती मुल्य = ..........................................................................................

मुल्यांकन मितिमा योजना अन्तर्गतको कुल एकाई संख्या

**(ख) खुद सम्पत्ति मूल्य प्रकाशनसम्बन्धी व्यवस्था**

योजना बिक्री बन्द भएको ३० दिनभित्र योजना व्यवस्थापकले पहिलो पटक खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ । तत्पश्चात् नियमावलीको व्यवस्था बमोजिम प्रत्येक हप्ता खुद सम्पत्ति मूल्य योजना व्यवस्थापकको वेबसाइट www.niblcapital.com मा सार्वजनिक गरिनेछ । साथै योजना व्यवस्थापकले योजनाको लगानीको विवरण त्रैमासिक रुपमा आफ्नो वेबसाइटमा राखी सार्वजनिक गर्ने तथा वार्षिक रुपमा योजनाको लेखापरीक्षण गराई सोसम्बन्धी विवरण सार्वजनिक गर्नेछ । खुद सम्पत्ति मूल्य तथा योजनाको कार्यसम्पादन सार्वजनिक गर्ने सम्बन्धमा अन्य व्यवस्था प्रचलित कानुन तथा बोर्डको निर्देशन बमोजिम हुनेछ ।

**८.१० योजनामा अर्न्तनिहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा**

**क) सामान्य जोखिम तत्वहरु**

**(१) सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा :**

सामूहिक लगानी कोष अन्तर्गत योजनाको लगानी धितोपत्र बजारलगायत अन्य विभिन्न क्षेत्रमा प्रवाह गरिनेहुँदा धितोपत्र बजार तथा त्यस्तो लगानीमा निहित जोखिमले योजनाको लगानीको प्रतिफलमा प्रत्यक्ष असर पर्दछ ।

**(२) धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटबढ हुने सम्बन्धमा :**
योजनाको खुद सम्पत्ती मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ । यसको लगानीमध्ये धितोपत्र बजारमा सूचिकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।

**(३) कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना व्यवस्थापकहरुको बिगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा सङ्केत गर्दैन भन्ने सम्बन्धमा :**
योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाव किताव समेत छुट्टै रुपमा राख्ने र सोको नियमित रिपोर्टिङ्ग गर्ने गर्दछ । योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्यसम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई सङ्केत वा निर्देशन गर्दैन ।

**(४) कोष प्रवर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :**
योजनाको सञ्चालन तथा व्यवस्थापन प्रचलित कानुनको अधिनमा रही योजना व्यवस्थापकले नै गर्दछ । योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सोको जिम्मेवारी कोष प्रवर्द्धकले लिंदैन ।

**(५) यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :**
यस योजना अर्न्तगत इकाईहरु निष्काशन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिन्छ । योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने विषयलाई दृष्टिगत गरी कोषको सुव्यवस्थापन गर्ने भएतापनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता भने गर्दैन ।

**(ख) खास जोखिम तत्वहरु**

**(१) प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :**
यस योजना अर्न्तगत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अङ्कित मूल्यमा लगानी गरेको अनुपातमा योजनाले कमाएको खुद मुनाफाको आधारमा लाभांश पाउने छन् । यस्तो लाभांश योजनाले आफ्नो लगानी बापत प्राप्त गर्ने पूँजीगत मुनाफा, व्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्तिको मूल्य वृद्धि (capital gain) वा अन्य वित्तीय कारोबारबाट प्राप्त भएको आम्दानी बाट दिनेछ । प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफा बाट लाभांश दिने निर्णय गर्नेछ । खुद मुनाफा बाट लाभांश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (retained earning) को रुपमा रहनेछ । कुनै वर्ष योजनाको आम्दानीले लाभांश वितरण गर्न नसक्ने अवस्था आएमा सञ्चित मुनाफा बाट पनि लाभांश दिन सकिनेछ । योजनाले हरेक वर्ष मुनाफा दिने सुनिश्चितता भने हुँदैन ।

**(२) योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने व्याज दर, व्यवसाय गरीने धितोपत्रको सङ्ख्या, राफसाफ गरीने पद्दति आदिले असर पार्ने सम्बन्धमा :**
सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा नीतिहरुमा कुनै परिर्वतन भएमा योजना सञ्चालन तथा सोको प्रतिफलमा समेत सोही अनुरुप असर पर्ने हुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सूचिकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरी योजनाको नाममा धितोपत्र खरीद बिक्री गर्ने हुँदा सोको राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ । ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने ब्याज आम्दानीमा घटबढ हुन गई योजनाको आम्दानीमा असर पर्दछ । धितोपत्रको खरीद बिक्रीमा हुने ढिलाइले बजार जोखिमसमेत आकर्षित हुनसक्दछ । साथै सामान्यतया वित्तीय क्षेत्रमा कायम हुने व्याजदर र

धितोपत्रको लगानीबीच विपरित सम्बन्ध (Inverse relation) हुनेहुँदा सोको असर योजनाको खुद सम्पत्ति मूल्यमा समेत पर्न सक्दछ ।

(३) **रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ती मूल्यको स्थीरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :**
ICRA Nepal ले गरेको रेटिङ्ग सम्बन्धि कार्य यस योजनाको लागि नभई कोष प्रवर्द्धक र योजना व्यवस्थापकको लागि भएकाले सो रेटिङ्ग रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ती मूल्यको स्थीरताको सुनिश्चितता गर्दैन ।

(४) **व्याजदर परिवर्तनबाट हुने जोखिमसम्बन्धमा :**
योजनाको कुल रकम मध्ये केही रकम बैंक निक्षेप तथा बण्ड/डिवेन्चरहरुमा समेत लगानी गरिने हुदाँ निक्षेपमा प्राप्त हुने व्याजदरमा परिर्वतन हुदाँ योजनाको आयमा समेत असर पर्दछ । सम्पत्तिको मूल्याङ्कन (Valuation) प्रचलित व्याजदरलाई आधार मानी गरिने हुँदा प्रचलित व्याजदरमा हुने परिर्वतनले योजना अर्न्तगतको सम्पत्तिको मूल्याङ्कनमा समेत परिर्वतन हुन्छ ।

(५) **योजना शुरु गर्ने बेलामा भएको खर्च तथा बार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमाः**
योजना अन्तर्गतका इकाईहरु बिक्रीका लागि बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुल्ला गर्ने, बिक्री बन्द गर्ने, बाँडफाँट गर्ने, नेपाल स्टक एक्सचेन्जमा सूचिकृत गराई दोस्रो बजारमा कारोवारको व्यवस्था गराउने, सूचीकरण तथा वार्षिक नवीकरण गर्ने योजनाको लेखापरीक्षण गराउने योजनाको विज्ञापन गर्ने, कानुनी सेवा लिने, नियमावलीको व्यवस्थाबमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि लाग्ने खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा यस्ता खर्चहरुले योजनाको खुद सम्पत्ति मूल्यमा केही प्रभाव पार्दछ ।

(६) **इक्वीटीसम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :**
योजनाले इक्वीटीमा आधारित उपकरणमा गरेको लगानीको सुरक्षा र प्रतिफल कम्पनीको अवस्था र बजारको स्थितिमा निर्भर रहनेहुँदा यस्ता उपकरणहरुमा भएको लगानीमा यी दुबै किसिमका जोखिमहरु अर्न्तनिहित रहेका हन्छन् ।

(७) **ऋण जोखिमभित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्ने कुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा** :
योजनाले सरकारी ऋणपत्रका अतिरिक्त अन्य क्षेत्रले जारी गर्ने ऋणपत्रहरुमा समेत लगानी गर्ने र यस्तो ऋणपत्रमा भएको लगानी फिर्ता हुने विषय ऋणपत्र जारी गर्नेको मनसाय र क्षमतामा समेत निर्भर रहनेहुदा यस्तो ऋणपत्रमा गरेको लगानी सरकारी ऋणपत्रमा गरेको लगानी सरह सुरक्षित र जोखिमरहित हुँदैन ।

(८) **तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यतिनै तरलता आउने बारे उल्लेख गर्ने :**
योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्ने बिषय लगानी गरिएको धितोपत्रकै तरलतामा निर्भर रहनेहुँदा योजनाको तरलतामा धितोपत्रमा भएको लगानीको जोखिम विद्यमान रहन्छ ।

(९) **ब्याजदरमा हुने जोखिम यसको गतिविधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रा स्फीती भएमा आदि बारे :**
ब्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । विभिन्न आर्थिक उतारचढावको असर ब्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा ब्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ ।

(१०) **पुनर्लगानी जोखिम यथावत रहने कारणमा ब्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुनर्लगानीमा प्रयोग हुने हुँदा पुनर्लगानी जोखिम बारे खुलाउने :**

ऋणपत्रमा तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त ब्याज आम्दानीलाई प्रत्येक बर्षको नाफा नोक्सान हिसाबमा गणना गरिएको छ । त्यसकारण पुनर्लगानी जोखिम रहेको छैन ।

**(११) योजना अर्न्तगत लगानी गरिने बिभिन्न प्रकारका धितोपत्रहरुले बिभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्रभन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :**
योजनाले बिभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ । यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिवेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन् । यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेन्चर कम जोखिमपूर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिमरहित धितोपत्र मानिन्छ । योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन्छ ।

**(१२) योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिभ्स फ्यूचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्ने :**
योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ । त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ ।

**(१३) योजनाको लगानी परिर्वत्य विदेशी मुद्रा वा सोमा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिर्वतन बाट हुने जोखिम बारे उल्लेख गर्ने :**
योजनाले हाल यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएको अवस्थामा बोर्डको स्वीकृति लिई लगानी गरिनेछ । त्यसरी लगानी गरिएको अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिम योजना र यसको प्रतिफलमा समेत रहन्छ ।

**(१४) योजनाको अवधिभर सोको मूल्य बृद्धिको अवसर रहने तर सोको बोनश नपाउने बारे :**
योजनाको कार्यसम्पादनको आधारमा योजना अर्न्तगतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापि योजनाले कुनै प्रकारको बोनश भने वितरण गर्ने छैन ।

**(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापन (कोष व्यवस्थापक) को धारणा**

(१) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि कोष व्यवस्थापक सदैव सचेत रही बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी जोखिम व्यवस्थापनका लागि उपयुक्त उपायहरु जस्तै लगानीको आन्तरिक सिमा तोक्ने कार्य, दैनिक रुपमा लगानी गरिएका कम्पनी तथा धितोपत्रहरुको बिश्लेषण गर्ने कार्य, कर्मचारीको अधिकारहरुको बर्गिकरण र सो को पालना, उच्च ब्यवस्थापन सहितको संचालकहरुको लगानी तथा जोखिम ब्यवस्थापन समितिको ब्यवस्था साथै सो समितिको नियमित बैठकबाट जोखिम व्यवस्थापनका लागि सल्लाह र निर्देशन दिने ब्यवस्था को अवलम्बन गरिनेछ ।

(२) सवल तथ्याङ्क प्रणालीको विकास गरी पर्याप्त अध्ययन अनुसन्धानका लागि छुट्टै अनुसन्धान बिभाग खडा गरिएको छ र सो बिभागबाट दैनिक, साप्ताहिक, मासिक रुपमा प्राप्त सल्लाह सुझाबको आधारमा लगानी गर्ने व्यवस्था तथा प्रकृयाको विकास गरिएको छ ।

(३) धितोपत्रमा लगानी गर्नुपूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त आर्थिक, व्यवस्थापकिय, तथा सो कम्पनीको भावि योजनाहरुको विश्लेषण गरेर मात्र लगानीसम्बन्धी निर्णय गरिनेछ । यसका लागि विभिन्न वित्तीय विश्लेषणका लागि उपलब्ध अभ्यास तथा उपकरणहरुको उपयोग गरिनेछ ।

(४) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने प्रक्रिया निरन्तर अवलम्बन गरिनेछ ।

(५) लगानीमा जोखिम न्यूनीकरण गर्न र लगानीमा समयोचित प्रतिफल प्राप्त गर्न आवश्यकता र अवसर अनुरुप निरन्तर लगानी विविधीकरणको प्रकृया अबलम्बन गरिनेछ । यस योजनालाई संचालक र कोष सुपरिवेक्षकबाट प्राप्त सुझावलाई समेत मध्यनजर गरी लगानीको लागि बिभिन्न क्षेत्रहरु जस्तै स्थिर आय प्राप्त हुने ऋणपत्रहरु र मुद्दती खाता, साधारण शेयरमा बिभाजन गरिएको छ । साथै सो क्षेत्रहरुलाई पनि लगानीमा हुन सक्ने प्रतिफल र जोखिमको आधारमा बिभिन्न समुहहरुमा बिभाजन गरी लगानी योग्य कम्पनीहरुलाई बर्गिकरण गरिएको छ । समय समयमा बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी लगानीका क्षेत्रहरु र समुहहरुलाई निरन्तर परिवर्तन गर्न सकिनेछ ।

(६) तरलता व्यवस्थापनमा सदैव उच्च सर्तकता अपनाइनेछ ।

(७) अन्य सामुहिक लगानी योजनाहरु समेत बजारमा आईसकेको र आउने क्रममा रहेकोले अवधि समाप्त हुदा बजार प्रतिकुल भएको अवस्थामा यस योजनालाई समेत अन्य जस्तै ५ बर्षे योजना बनाउदा Redeem गर्न गाह्रो पर्ने देखिएकाले योजनाको अबधि ७ बर्ष कायम गरिएको छ । सो समयमा Redeem हुने कुनैपनि योजना नरहेकाले बजार प्रतिकुल भएको अवस्थामा समेत यस योजनालाई Redeem गर्न सहज हुने देखिन्छ ।

## ९. इकाई निष्काशन सम्बन्धी विवरण

### ९.१ इकाई बिक्री खुल्ला गरिने मिति तथा अवधि

नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत भएको मितिले दुई महिना भित्र इकाईहरुको बिक्रि खुल्ला गरिनेछ । इकाईको लागि निवेदन दिन पाउने अवधि बिक्री खुल्ला भएको मिति बाट १५ दिनसम्म रहन सक्नेछ । तर उक्त अवधिभित्र सम्पूर्ण इकाई बिक्री नभएमा बोर्डको स्वीकृति लिई बढीमा १५ कार्य दिनसम्म निवेदन दिन पाउने अवधि थप गर्न सकिनेछ । बिक्री खुल्ला अवधि कम्तिमा ५ कार्य दिनका लागि हुने भएतापनि प्रत्येक विकास क्षेत्रमा कम्तिमा एक सङ्कलन केन्द्र रहने गरी कम्तिमा १० सङ्कलन केन्द्रको व्यवस्था गरी आवेदन प्राप्त गर्दा निष्काशित इकाईभन्दा बढी इकाईका लागि आवेदन प्राप्त भएको अवस्थामा निवेदन दिने अवधि ४ कार्यदिनमा सिमित गर्न सकिनेछ ।

### ९.२ आवेदन सङ्कलन केन्द्र (बिक्री केन्द्र सम्बन्धी जानकारी)

धितोपत्र बजारको मुख्य कार्यालय रहेको जिल्लामा कम्तिमा २ वटा सङ्कलन केन्द्र र पाँच विकास क्षेत्रको हरेक क्षेत्रमा कम्तीमा एक सङ्कलन केन्द्र रहनेगरी कम्तिमा १० वटाभन्दा बढी सङ्कलन केन्द्रको व्यवस्था देहाय बमोजिम हुनेछः:-

(क) नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड दरबारमार्गस्थित प्रधान कार्यालय तथा आह्वान पत्रमा तोकिएका सबै शाखा कार्यालयहरु ।

(ख) एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाडौं । निष्काशन तथा बिक्री प्रबन्धकले अन्य सङ्कलन केन्द्रहरुको जानकारी दिनेछ ।

### ९.३ आवेदन दिनसक्ने व्यक्ति तथा संस्थाहरु

नियमावली एवं निर्देशिकाको अधीनमा रही नेपाली नागरिक, गैरआवसीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित कानुनबमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय सस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चयकोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् ।

## ९.४ खरिद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई सङ्ख्या

आवेदकले न्यूनतम १०० (एक सय) इकाई तथा सोभन्दा माथि १० ले भाग जाने गरी अधिकतम ८० (अस्सी) लाख इकाई सम्म खरिदका लागि आवेदन दिन सक्नेछन् ।

## ९.५ इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरणसम्बन्धी व्यवस्था

(१) योजनाको सम्पूर्ण इकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुल्ला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भएपछि योजना व्यवस्थापक/निष्काशन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ ।

(२) बिक्री खुल्ला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तिमा पचास प्रतिशत इकाई खरीद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँड गरिनेछ ।

(३) यस विवरण पुस्तिका अनुसार इकाई बिक्री खुल्ला अवधिसम्म पनि आह्वान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरीद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ ।

(४) इकाई बाँडफाँड गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सिमासम्मको मात्र इकाई बाँडफाँट गरिनेछ । तर यस विवरण पुस्तिका मार्फत निष्काशन गरिएको भन्दा बढी सङ्ख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई सङ्ख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँट गरिनेछ ।

(५) इकाईको बाँडफाँटसम्बन्धी अन्य व्यवस्था प्रचलित धितोपत्र बाँडफाँट सम्बन्धी निर्देशिका बमोजिम हुनेछ ।

(६) योजनाका इकाइहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकरण गरी दोस्रोवजारमा कारोबारको व्यवस्था मिलाइनेछ ।

## ९.६ आवेदन दिदाँ ध्यान दिनुपर्ने कुराहरु

(१) कुनै पनि नेपाली नागरिक, गैर आवासिय नेपाली तथा नेपाली संघ संस्थाले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् । आवेदकले आवेदन फारमसाथ आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी आवेदक स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । गैर आवासिय नेपालीको हकमा नेपाल सरकारबाट जारी गरिएको गैर आवासिय नेपाली परिचयपत्रको प्रतिलिपी स्वंयले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

(२) आवेदकले आवेदन फारममा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचिएको फोटो अनिवार्य रुपमा टाँस गर्नुपर्नेछ ।

(३) नाबालकको हकमा आमा/बाबुले संरक्षक भई आवेदन दिनुपरेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि अनिवार्यरुपमा आवेदन फारमसाथ पेश गर्नुपर्नेछ ।

(४) आमा/बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई कुनै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा आवेदन दिएको अवस्थामा कानुनबमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाण अनिवार्य रुपमा आवेदन फारमसाथ पेश गर्नुपर्नेछ ।

(५) नाबालकको हकमा माथि बूँदा (३) र (४) मा उल्लेख गरिएका विवरणहरुको अतिरिक्त संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी संरक्षक स्वयंले प्रमाणित गरी आवेदन फारमसाथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(६) कम्पनी वा संस्थाले इकाई खरिदका लागि आवेदन दिंदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपी र लगानी गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णयसहित कम्पनीको कार्यकारी प्रमुख वा संस्थाको प्रमुखको विवरण तथा फोटो अनिवार्य रुपमा समावेश गरेको हुनुपर्नेछ ।

(७) इकाई खरिद गर्नको लागि दरखास्त दिने व्यक्ति स्वयंले आवेदन फारममा दस्तखत गरी तोकिएको सङ्कलन केन्द्रमा इकाई खरिदको लागि आवेदन बुझाउनुपर्नेछ । यसरी आवेदन फारममा दस्तखत नगरेको र तोकिएका सङ्कलन केन्द्रबाहेक अन्य स्थानहरुमा आवेदन फारम बुझाएको आवेदन फारमलाई रद्द गरिनेछ ।

(८) रु. ५०,०००/- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले आवेदन दिँदा अनिवार्य रुपमा एकाउन्ट पेयी चेक मार्फत रकम जम्मा गनुपर्नेछ । रु. १०,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदन फारममा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. १०,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

(९) आवेदन दिँदा कम्पनीले तोकेको निर्दिष्ट ढाँचामा आफूले खरिद गर्न चाहेको इकाई सङ्ख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।

(१०) दरखास्तवाला, नाबालक समतले स्वंयको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर अनिवार्य रुपमा आवेदन फारममा खुलाउनुपर्नेछ । साथै आवेदकले उल्लेख गर्ने खाता क्लियरिङ हाउसको सदस्यता लिएको बैंक वा वित्तीय संस्था हुनुपर्नेछ । आवेदकले योजनासँग सम्वन्धित सम्पूर्ण कार्य बैंक वा वित्तीय संस्थामार्फत गर्नुपर्नेछ ।

(११) एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण इकाईको लागि एकभन्दा बढी आवेदन दिन पाइनेछैन । यदि एकै व्यक्तिले एकभन्दा बढी आवेदन दिएमा सम्पूर्ण आवेदन रद्द गरिनेछ ।

(१२) आवेदकले कम्तीमा १०० (एक सय) इकाई तथा सोभन्दा बढी इकाई खरिदका लागि आवेदन दिन चाहेमा १० ले भाग जाने गरी अधिकतम ८०,००,००० (अस्सि लाख) इकाई खरिदका लागि आवेदन दिन सक्नेछ । यस्तो इकाई लागि आवेदन दिँदा आफूले खरिद गर्न चाहेको प्रति इकाई वापत रु. १०।– (दश) का दरले एकमुष्ठ रकम आवेदनसाथ बुझाउनु पर्नेछ ।

(१३) आवेदकले सङ्कलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइनेछ र यसरी आवेदकले आवेदन दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ इकाईको आवेदन फाराम नेपाल सरकारको हुलाक सेवामार्फत रजिष्ट्री गरी पठाएका आवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । बिक्री खुल्ला भएको अवस्थामा जारी भएको भएतापनि इकाई बिक्री बन्द भएको १० (दश) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँटमा समावेश गरिने छैन ।

(१४) यस विवरण पुस्तिकाबमोजिम निष्काशन गरिने इकाईहरुमा सङ्कलित रकम विविध निर्धारित क्षेत्रमा लगानी गरिने र विद्यमान परिस्थितिमा उक्त लगानीवाट आर्जन गरिने मुनाफावाट प्रचलित कानुन वमोजिम ईकाईधनीहरुमा प्रतिफल वितरण गरिनेछ ।

(१५) प्रमाणपत्र बुझ्न आउँदा र बाँडफाँटमा नपरेको इकाईबापतको रकम फिर्ता लिन आउँदा आवेदकले माथि बूँदा (१) तथा (५) बमोजिम आवेदन फारमसाथ पेश गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपीको सक्कल प्रतिको आधारमा सही आवेदक पहिचान गरेर मात्र बाँडफाँटमा नपरेको इकाईबापतको रकम आवेदक फारममा उल्लेख गरेको बैंक वा वित्तीय संस्थाको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिइनेछ र इकाईको प्रमाण–पत्र वितरण गरिनेछ ।

(१६) आवेदकले विवरण पुस्तिकाको राम्रोसंग अध्ययन गररे मात्र आवेदन दिनु उपयुक्त हुन्छ ।

## १०. इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा

**इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार**

(क) योजनाको लगानी नीति, उद्देश्य तथा वित्तीय अवस्थावारे जानकारी प्राप्त गर्ने,

(ख) योजनाले वितरण गरेको प्रतिफल प्राप्त गर्ने,

(ग) योजना अर्न्तगतका आफ्नो नाममा रहेका इकाईहरु आफ्नो सम्पत्ति सरह दोस्रो बजारमा बिक्री गर्ने तथा दोस्रो बजारमा खरिद गरिएका इकाईहरु आफ्नो नाममा नामसारी गराउने,

(घ) योजना व्यवस्थापकको कार्यसम्पादन सम्बन्धमा वा योजना खारेजीका सम्बन्धमा आफ्नो मत राख्ने,

(ङ) योजना सञ्चालनसम्बन्धमा कुनै गुनासो भए योजना व्यवस्थापक, कोष सुपरिवेक्षक तथा बोर्डमा गुनासो राखी समाधान गराउने,

(च) योजनाको कार्यसम्पादनसँग सम्बन्धित खुद सम्पत्ति मूल्य, लगानीको अवस्था तथा योजनाको वित्तीय विवरण नियमावलीले व्यवस्था गरे बमोजिम प्राप्त गर्ने,

**इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने सेवा**

(क) खरिद गरेको योजनाको इकाई प्रमाणपत्र प्राप्त हुनेछ जसमा योजना व्यवस्थापकको कुनै एक सञ्चालक र कार्यकारी प्रमुख वा कम्पनी सचिवमध्ये एकजना गरी दुई जनाको दस्तखत रहनेछ ।

## ११. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया

योजना निष्काशनका वखत उत्पन्न हुनसक्ने गुनासोहरुलाई सम्बन्धित सङ्कलन केन्द्र तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ । साथै योजना व्यवस्थापकले योजना सञ्चालनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा त्यसको समाधानका लागि योजना व्यवस्थापकका महाप्रबन्धक श्री मेख बहादुर थापा ठाडालाई नियम पालना अधिकृतको रुपमा नियुक्त गरिएको छ । नियम पालना अधिकृतले प्राप्त गुनासो सुन्ने सोको समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासोहरुलाई कानुन सम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछन् । यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासा प्राप्त भएमा सम्भव भएसम्म योजना व्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षकसमक्ष राखी सोको समाधान गरिनेछ । लगानीकर्ताहरुले देहायबमोजिमको माध्यममार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन्: फोन नं. ४००५०८० फ्याक्स नं.४००५०८४, E-mail: info@niblcapital.com

**निष्काशन बैंकहरु**

यस निष्काशनको लागि देहायका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ ।

१. श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, काठमाडौं ।

साथै आवश्यकतानुसार निष्काशन बन्द भएको तीन दिनभित्र बोर्डलाई जानकारी दिई अन्य क बर्गका बैंकहरुलाई समेत निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

**१३. यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सोमा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत**

| क.सं | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री ज्योति प्रकाश पाण्डे | अध्यक्ष | |
| २ | श्री सचिन टिवडेवाल | सञ्चालक | |
| ३ | श्री विजेन्द्र सुवाल | सञ्चालक | |
| ४ | श्री रविन्द्र भट्टराई | स्वतन्त्र सञ्चालक | |
| ५ | श्री सूर्य प्रकाश श्रेष्ठ | स्वतन्त्र सञ्चालक | |

**कोष सुपरिवेक्षकका तर्फबाट**

श्री मधुकर शम्शेर ज.ब.रा.     कोष सुपरिवेक्षक

NIBL CAPITAL
A licensed Merchant Banker and Fund Manager from SEBON

O/C

च. नं.१२८/०७१/०७२

मिति: २०७१/०६/२३

श्री नेपाल धितोपत्र बोर्ड
जावलाखेल, ललितपुर ।

विषय: प्रतिबद्धता पत्र ।

महाशय,

उपरोक्त सम्वन्धमा यस एनआईविएल क्यापिटल मार्केट्स लिमिटेडले एनआईविएल म्यचुअल फण्ड अन्तर्गतको पहिलो योजना **एनआईविएल समृद्धि फण्ड - १** निष्काशन तथा बिक्री प्रयोजनका लागि तयार गरिएको विवरण पुस्तिकाका सम्वन्धमा यस कम्पनीको तर्फबाट देहायअनुसारका प्रतिबद्धता व्यक्त गर्दछौ ।

१. विवरण पुस्तिका प्रचलित धितोपत्र सम्बन्धि ऐन २०६३, सामुहिक लगानी कोष नियमावली, २०६७ तथा सामुहिक लगानी कोष निर्देशिका, २०६९ बमोजिम तयार गरिएको छ ।

२. यस योजना शुरु गर्न आवश्यक सवै कानूनी प्रावधानहरु, सम्बन्धित निकायबाट प्राप्त गर्नुपर्ने स्वीकृती तथा नियमन निकायबाट जारी निर्देशनहरुको पालना गरिएको छ ।

३. विवरण पुस्तिकामा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगतपूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई प्रस्तावित योजनाको इकाईमा लगानी गर्ने सम्वन्धमा सही निर्णय लिन मद्दत पुग्ने देखिन्छ ।

भवदीय

Shivanth

शिवान्त बहादुर पांडे
प्रमुख कार्यकारी अधिकृत

NIBL CAPITAL
NIBL Capital Markets Ltd.
Kathmandu, Nepal

एनआइबिएल क्यापिटल मार्केट्स लि.
(A subsidiary of Nepal Investment Bank Limited)
P.O. Box 23224, Lazimpat, Kathmandu, Nepal

Ph: +977-1-4005080/58/68/69
Fax: +977-1-4005084
E-mail: info@niblcapital.com
Website: www.niblcapital.com

**S. BASNET & CO.**
Chartered Accountants

25, Janak Marg,
Dillibazar,
Kathmandu, Nepal
Phone No: 4419383
E-mail : Basnetsuraj@hotmail.com

## TO WHOM MAY IT CONCERN

We hereby confirm that the Projected Financial Statement, Profit and Loss Account and related schedules of NIBL Capital Markets Limited for the purpose of issue NIBL Mutual Fund's first scheme 'NIBL Samriddhi Fund-1' are based on the assumptions and basis attached herewith.

The Assumptions/ basis and the Projections have been prepared by the Management of NIBL Capital Markets Limited and we assume no responsibility for the reasonableness of such assumptions.

S. Basnet & Co. Chartered Accountants

CA Suraj Basnet

Date: 09th October 2014